नेपाल सरकार

# अर्थ मन्त्रालय

(प्रशासन महाशाखा)

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल।

२०८१/८२
पत्र संख्या:-
च. नं.:- ८९३

मितिः २०८१/०७/१३
नेपाल संवत् ११४४, कौलागा

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा।

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं।
श्री भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं।
श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, हरिहरभवन, ललितपुर ।
श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर, काठमाडौं।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. भ्र.नि./५२१/१९९६ मिति २०८१/०७/०७ गतेको पत्र साथै सोसंग सम्बन्धित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र यसैसाथ संलग्न छ। व्यहोरा सोहीबाट अवगत गर्नुभई उल्लेखित सुझाव कार्यान्वयन गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ।

२०८१।७।१३
(सावित्रा बस्नेत)
शाखा अधिकृत

बोधार्थ
श्री जिन्सी व्यवस्थापन शाखा, अर्थ मन्त्रालय।
श्री सूचना प्रविधि शाखा, अर्थ मन्त्रालयः वेबसाइटमा अपलोड गर्नुहुन।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा)

पत्र संख्या : ०८१/८२
च.नं. : भ्र.नि./५२१/१९९६

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८१/०७/०७

श्रीमान् सचिवज्यू, सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय।
श्रीमान् प्रमुख सचिवज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै प्रदेश।

विषयः सुझाव पठाइएको सम्बन्धमा।

उपरोक्त सम्वन्धमा यस कार्यालयमा मिति २०८१/६/२२ मा प्राप्त दर्ता नं ५३० मा दर्ता भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र संख्या २०८१/८२ चलानी नं १७६५१ को सुझाव सम्बन्धमा विषय रहेको पत्रवाट सरकारी निकायमा कार्यरत कर्मचारीले सरुवा वा अवकाशपश्चात गर्नुपर्ने बरबुझारथ सम्बन्धमा देहायवमोजिमको सुझाव लेखी आएकोले सुझाव वमोजिम गर्नु गराउनु हुन निर्णयार्थ अनुरोध छ।

सुझाव

*"कुनै पनि सरकारी निकायमा कार्यरत कर्मचारीले आफू त्यस निकायमा कार्यरत रहँदाको समयमा जिम्मेवारी अनुरुप वुझिलिएका सरकारी कामकारवाही सम्वन्धी कागजात तथा जिन्सी सामाग्रीहरु उक्त निकायबाट सरुवा भए पश्चात कानूनबमोजिम बरबुझारथ गरी रमाना लिनुपर्नेमा वरवुझारथ नै नगरी रमाना लिई सरुवा भई जाने प्रवृत्ति देखिएको सन्दर्भमा सम्वन्धित कर्मचारीले रीतपूर्वक बरबुझारथ गरे पश्चात मात्र कार्यालयबाट रमाना दिने व्यवस्था हुन तर्फ आवश्यक कदम उठाउन तथा परिपाटी सच्याउन।"*

राजमणि दाहाल
उपसचिव

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
महाशाखा नं. ४,
टङ्गाल, काठमाडौं।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र सङ्ख्या - ०८१/८२
चलानी नं .- १६६५१

मिति:२०८१/०६/१८
११४४ कौलाथ्व, २ शुक्रबार

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

बिषयः सुझाव सम्बन्धमा ।

प्रस्तुत विषयमा यस आयोगमा उ.द.नं. ८-०३८४१३, मिति २०७९/१०/१६ मा दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान गर्दा देहाय अनुसारको सुझाव अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१)को खण्ड (ख) बमोजिम तहाँ मार्फत सबै मन्त्रालय र अन्तर्गतका निकायहरुलाई प्रदान गर्ने भनि आयोगको मिति २०८१/०६/१० गते निर्णय भएको हुदाँ अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ को दफा २५ को खण्ड (ख) को उपखण्ड (१) को प्रयोजनार्थ सुझाव प्रदान गरिएको व्यहोरा अनुरोध छ।

देहाय :

"कुनै पनि सरकारी निकायमा कार्यरत कर्मचारीले आफू त्यस निकायमा कार्यरत रहँदाको समयमा जिम्मेवारी अनुरुप बुझिलिएका सरकारी कामकारवाही सम्बन्धी कागजात तथा जिन्सी सामग्रीहरु उक्त निकायबाट सरुवा भए पश्चात कानूनबमोजिम बरबुझारथ गरी रमाना लिनुपर्नेमा बरबुझारथ नै नगरी रमाना लिई सरुवा भई जाने प्रवृत्ति देखिएको सन्दर्भमा सम्बन्धित कर्मचारीले रीतपूर्वक बरबुझारथ गरे पश्चात मात्र कार्यालयबाट रमाना दिने व्यवस्था हुन तर्फ आवश्यक कदम उठाउन तथा परिपाटी सच्चाउन।"

..........२०८१/०६/१८
(जोसेफ प्रधान)
अनुसन्धान अधिकृत

शासकीय मामिला सचिवालय
दर्ता नं. ६६०
मिति: ६/२२

श्री सुशासन

६/२२